सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाची
५ नं. प्रदेश, नेपाल

मिति:२०७६/०९/०६

## विषय: मागमा आधारित कार्यक्रम पेश गर्ने सम्बन्धि सुचना ।।।

सन्धिखर्क नगरपालिका कृषि विकास शाखाको आ व २०७६।०७७ को नविनतम कृषि प्रविधि मागमा आधारीत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको प्रक्रिया पुर्याई रित पुर्वकको प्रस्ताव फारम यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. कार्यक्रम माग गर्दा कृषक समुह सहकारी तथा कृषि फर्मले कार्यालयले उपलव्ध गराएको प्रस्ताव ढाचामा स्पष्ट भर्नु पर्ने छ ।

२. प्रस्तावको ढाचा यस कार्यालय वा सम्वन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

३. कार्यक्रम माग गर्दा समुह सहकारी तथा कृषि फर्मले कम्तीमा ५० प्रतिशत जनश्रमदान गर्ने समेतको निर्णय प्रतिलिपी ।

४. कार्यक्रम माग गर्दा ५० प्रतिशत अनुदान वा वढिमा रु ५० ०००।- (पचास हजार) सम्म यी मध्ये जुन अनुदान रकम कम हुन्छ सोही अनुदान कार्यक्रम उपलव्ध गराईने छ ।

५. सम्वधित वडाको सिफारीस,फर्म वा संस्था दर्ता प्रमाण पत्र र कार्यक्रमको प्रस्ताव सहित यस कार्यालयमा तोकिएको मिति भित्र निवेदन सहित बुझाई सक्नु पर्ने छ ।

६. नविनतम सोचका आधारमा पेश भएका प्रस्तावलाई विशेष प्रार्थमिकता दिईने छ ।

७. सुचना प्रकाशित मितिले १५ दिन २०७६ साल पुस २२ गते सम्म यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता गराई सक्नुपर्नेछ । अन्तिम म्यादका दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गरि सक्नुपर्ने छ ।

८. अन्य कुरा प्रचलित नियम कानुन वमोजिम हुने व्यहोरा अनुरोध गरिन्छ।

नोट- अन्य थप कुरा बुझ्न परेमा सम्वन्धित वार्ड कार्यालय वा यस कार्यालयको फोन न ०७७४२०८८२ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

☎ ०७७-४२०११२, ४२०८८२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np